गल्छी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

**बैरेनी, धादिङ**

**बागमती प्रदेश, नेपाल**

## एच.डी.पी.ई. (HDPE) पाईप खरिद/आपूर्ति सम्बन्धी सिलबन्दी दरभाउ पत्र आव्हानको सूचना

**(देस्रो पटक सूचना प्रकाशन मिति २०७८।०१।०९ गते)**

१.यस गाउँपालिकाको लागि **एच.डी.पी.ई. (HDPE) पाईप** खरिद गर्नुपर्ने भएकोले इच्छुक, इजाजत प्राप्त कम्पनी/फर्म/संस्थाले देहाय बमोजिमको शर्तहरुको अधिनमा रहि रित पूर्वक शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

२.शिलबन्दी दरभाउपत्र फाराम खरिद गर्न इच्छुक दरभाउपत्रदाताले यो सूचना प्रकाशित गरिएको मिति देखि **१६ औं** दिनको **दिउसो १२ बजे** भित्र आफ्नो कम्पनी/फर्म/संस्थाको व्यवसाय दर्ता तथा नविकरण गरेको इजाजत पत्रको प्रतिलिपी, भ्याट/पान दर्ता प्रमाणपत्रको प्रतिलिपी, आ.ब. २०७६।०७७ सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपी वा म्याद थपको स्वीकृती पत्र सहित रित पूर्वक निवेदन साथ दरभाउपत्र फारम दस्तुर तिरी (रकम फिर्ता नहुने गरी ) PPMO को Website : www.bolpatra.gov.np/egp बाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

३.खरिद गरिएका दरभाउपत्र फारामको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशन मिति देखि १६ औं दिनको १२ : ०० बजे भित्र **नै** PPMO को Website : www.bolpatra.gov.np/egp बाट प्रक्रिया अनुसार दरभाउपत्र दाखिला गर्न सकिनेछ ।

४. दरभाउपत्र फारम खरिद दस्तुर वापतको रकम यस कार्यालयको ग्लोबल आई.एम.ई. बैक लि. बैरेनी शाखा, धादिङमा रहेको ग १.१ आन्तरिक राजश्व खाता गल्छी खाता नं ८१०४०१००००००४ मा दाखिला गर्नु पर्नेछ ।

५. दरभाउपत्र फारम साथ जमानत वापतको रकम यस कार्यालयको ग्लोबल आई.एम.ई. बैक लि. बैरेनी शाखा, धादिङमा रहेको गल्छी गाउँपालिका ग ३ धरौटी खाता, खाता नं.८१०१०१००००१९१ वा नेपाल सरकारको मान्यता प्राप्त वाणिज्य बैंकवाट यस कार्यालयको नाममा जारी गरिएको दरभाउपत्र दाखिला गर्ने अन्तिम दिन देखि कम्तीमा ७५ दिन म्याद भएको जमानीपत्र (बिडबोन्ड) बोलपत्रसाथ पेश गर्नुपर्नेछ । यसरी पेश गरिने जमानत सूचना प्रकाशित भएको मिति पछिको बैक भौचर वा बिडबन्डलाइ मात्र मान्यता दिइने छ ।

६.यस कार्यालयमा दर्ता भएका दरभाउपत्र फारामहरु यस कार्यालयमा बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । निजहरुको अनुपस्थितिमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । दरभाउपत्र फाराम खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्य बिदा पछिको कार्यालय खुलेको दिन सोहि समयमा हुनेछ ।

७.प्राप्त सिलबन्दी कुनै कारण जनाई वा नजनाई आशिंक वा पूर्ण रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्बन्धि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । रित नपुगेका र म्याद नाघि आएका बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।

८. दरभाउपत्रसम्बन्धि अन्य शर्तहरु दरभाउपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछन् ।

९.यस सूचनामा उल्लेखित कुराहरु यसै सूचना बमाजिम र अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली,२०६४ तथा प्रचलित कानुन बमाजिम हुनेछ ।

१०. अन्य केही कुरा बुझ्नुपरेमा यस कार्यालयको आर्थिक प्रशासन शाखा वा फोन नं.०१०४०३१५६/०१०४०३१९६ मा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

| ठेक्का नं. | विवरण | अनुमानित रकम(मु.अ.कर बाहेक) | दरभाउपत्र फारम दस्तुर रु. | जमानत रकम रु. |
|---|---|---|---|---|
| GRM/NCB/23/077-78 | Supply of HDPE Pipes | १०,३०,४९७ /- | १,०००/- | ३००००।- |

प्रमुख प्रशासकीय अधिकृत